जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



## मिथिलाञ्चलको प्रमुख लोकपर्व जितिया सुरु



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ असोज

मिथिलाञ्चलको प्रमुख लोकपर्व जितिया सुरु भएको छ । सन्तानको दीर्घायु, सुस्वास्थ्य तथा सुख समृद्धिको कामना गर्दै महिलाहरूले कठोर व्रत बस्ने यो पर्व मिथिला तथा थारु समुदायमा विशेष श्रद्धाका साथ मनाउने गरिन्छ । आश्विन कृष्ण पक्षको सप्तमी तिथिबाट सुरु हुने जितिया पर्व तीन दिनसम्म विभिन्न धार्मिक तथा सांस्कृतिक विधि पूरा गरी मनाइन्छ । पर्वको पहिलो दिन व्रतालु महिलाहरू स्नान गरी शुद्ध भएर 'नहाय-खाय' विधि पूरा गर्छन् ।

'नहाय-खाय'का दिन च्यूरा, दहीलगायतका परिकारसँगै स्थानीय परम्पराअनुसार माछा र मरुवा अर्थात् कोदोसमेत खाने चलन रहेको छ। यसपछि व्रतालु महिलाहरू अष्टमीका दिन कठोर उपवास बस्ने गर्छन् । जितियाको मुख्य दिन अष्टमीमा निराहार तथा कतिपय स्थानमा निर्जला व्रत बस्ने परम्परा छ । व्रतका क्रममा थुकसमेत निल्न नहुने धार्मिक मान्यता रहेको स्थानीयहरू बताउँछन्। यस्तो कठोर उपवासका कारण जितियालाई मिथिलाञ्चलमा कठिन व्रतमध्ये एकका रूपमा लिइन्छ। जितियाको व्रत अष्टमी तिथिको उदयकाललाई आधार मानेर बस्ने परम्परा रहेको छ । यदि अष्टमी दुई दिन परेमा उदयकालमा अष्टमी परेको दोस्रो दिन व्रत बस्ने चलन रहेको बताइन्छ । त्यसपछि नवमीका दिन धार्मिक विधिअनुसार पारण गरी व्रत समापन गर्ने गरिन्छ ।




## नागरिक संलग्नता नीति तथा बजेट सम्बन्धी अभ्यास आवश्यक

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ असोज



सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम अन्तर्गत नागरिक संलग्नता नीति तथा बजेट सम्बन्धी अभ्यास तथा सिकाई समीक्षा कार्यक्रम शुक्रबार जनकपुरधाममा सम्पन्न भएको छ ।

युरोपियन युनियन तथा संयुक्त राष्ट्र संघको आर्थिक तथा प्राविधिक सहयोग र लाइफ नेपालको समन्वयमा खेलकूद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेशले आयोजना गरेको समीक्षा कार्यक्रममा नागरिक संलग्नता नीति तथा बजेट सम्बन्धी अभ्यासमाथि चर्चा भएको थियो। लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले स्वागत मन्तव्य राखेका कार्यक्रममा संघीय तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव होमनाथ काफ्लेले बजेट पारदर्शिता र नागरिक विश्वासबारे प्रस्तुतिकरण गरेका थिए भने लाइफ नेपालका सहजकर्ता जितेन्द्र यादवले नागरिक संलग्नता नीति तथा बजेटबारे प्रस्तुतिकरण गरे । जस अन्तर्गत बजेटका महत्वपूर्ण जानकारीहरु र नागरिकका मूल चासोका विषयलाई विशेष रुपमा नागरिकको पहुँच पुग्ने माध्यमबाट सार्वजनिक गरिनुपर्नेमा जोड दिएको थियो। आमनागरिकलाई बजेटमा आफ्ना बारेमा के-कस्तो व्यवस्था गरिएको छ त्यसको सहज बुझाइका साथै नागरिकको अर्थपूर्ण सहभागितामा बजेट निर्माण गर्नुपर्नेमा सहभागीहरुले जोड दिए। बालबालिकाको शिक्षा, स्वास्थ्य, छात्रवृत्तिको व्यवस्था, खानेपानी, सिंचाई, विद्युत, कर, आयआर्जन, सिप विकास जस्ता विषयहरुमा आमनागरिकको सहभागितासहित बजेट निर्माण हुनुपर्ने धारणा उनीहरुको थियो। आम नागरिकलाई बजेटका हरेक चरणहरुमा सहभागिता गराइएको खण्डमा त्यसको मुख्य लाभकर्ताहरु नागरिकहरु नै हुन्छन्, नागरिकले बजेटको अपनत्व ग्रहण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नमा पनि सहयोगीको भूमिका निर्वाह गर्ने धारणा उनीहरुको थियो ।

सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम संचालन भइरहेको मधेश प्रदेशको ६ जिल्लाका २४ पालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायत सरोकारबालाहरुको उपस्थिति रहेको थियो । जनप्रतिनिधिहरुले बजेट निर्माण कार्यमा आमनागरिकको सहभागितामा जोड दिने प्रतिबद्धता जनाए । धनुषाको जनकपुरधाम उपमहानगरपालिका, नगराइन नगरपालिका, सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, सिरहाको नगराजपुर र सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा नगरपालिका, रौतहट जिल्लाको यमुनामाई गाउँपालिका र बौद्धिमाई नगरपालिका, बाराको आदर्शकोतवाल गाउँपालिका र पर्साको वीरगंज महानगरपालिका, विन्धवासिनी र पकहामैनपुर गाउँपालिकाका जनप्रतिनिधिसहित सरोकारबालाहरुको सहभागिता रहेको थियो । सो अवसरमा युनिसेफ नेपालका मधेश प्रदेश प्रमख अनिता दाहाल लगायतले आ आफ्नो धारणा राखेका थिए । लाइफ नेपालका कार्यक्रम व्यवस्थापक लक्ष्मी साहले संचालन गरेको कार्यक्रममा नमूना पालिका तयार गरेर प्रदर्शनी गरिएको थियो ।

## समावेशी शिक्षा र अवसरका लागि 'झल्को : जनकपुर' फोटो प्रदर्शनी

रेविता कुमारी साह
जनकपुरधाम, १६ असोज



सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने उद्देश्यले जनकपुरधाममा 'झल्को: जनकपुर' फोटो प्रदर्शनी आयोजना गरिएको छ । बालबालिकाको आँखाबाट जनकपुरको जीवन, समाज र शिक्षाको अवस्था प्रस्तुत गर्ने उद्देश्यले आयोजना गरिएको प्रदर्शनीमा उनीहरूले खिचेका तथा उनीहरूको दृष्टिकोण झल्काउने विभिन्न तस्बिरहरू राखिएका छन् । विशेषगरी विद्यालयबाहिर रहेका तथा विभिन्न कारणले शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता प्रदर्शनी मार्फत उजागर गरिएको छ ।

बालबालिकालाई शिक्षा मात्र नभई सुरक्षित, समान र सम्मानजनक सिकाइ वातावरण उपलब्ध गराउनुपर्नेमा पनि जोड दिइएको छ । 'समावेशी शिक्षा र अवसरका लागि साझा प्रतिबद्धता' भन्ने सन्देशसहित आयोजित प्रदर्शनीले स्थानीय तह, विद्यालय, सामुदायिक सिकाइ केन्द्र तथा अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेको देखाएको छ । प्रदर्शनीमा बालबालिकाको सिकाइ सँगै उनीहरूको आत्मविश्वास, सिर्जनशीलता, सीप र सहभागिता विकास गर्नुपर्ने विषयलाई समेत प्राथमिकताका साथ प्रस्तुत गरिएको छ। शिक्षा विद्यालयको सीमाभित्र मात्र सीमित नभई समुदायको सक्रिय सहभागिताबाट प्रत्येक बालबालिका सम्म अवसर पुर्याउनु पर्ने सन्देश तस्बिरमार्फत दिइएको आयोजकले जनाएको छ। कार्यक्रम जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहको प्रमुख आतिथ्यतामा भएको हो ।

नगर प्रमुख साहले बालबालिकाको दृष्टिकोणबाट समाज र शिक्षाको अवस्थालाई प्रस्तुत गर्ने यस्तो पहलले शिक्षा क्षेत्रमा रहेका वास्तविक समस्या पहिचान गर्न सहयोग पुग्ने बताए । उनले कुनै पनि बालबालिका आर्थिक, सामाजिक वा अन्य कारणले शिक्षाबाट वञ्चित

बांकी पृष्ठ ३ मा ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# मेरो ज्ञानकूप विद्यालय महान

मेरो ज्ञानकुप विद्यालय महान
ज्ञानको ज्योति बाल्दै यहाँ,
उज्यालो छर्छ ज्ञानकूप,
संस्कार, शिक्षा, सत्य बोकी,
बढ्दैछ हाम्रो ज्ञानकूप ।

जनकपुरको पावन भूमिमा,
गौरव बोकेको विद्यालय,
विद्या, विनय, अनुशासनले,
चम्किएको हाम्रो विद्यालय।
गुरुहरूको ज्ञान र ममताले,
विद्यार्थीको भविष्य सजाउँछ,
मेहनत, लगन र सदाचारले,
जीवनको बाटो देखाउँछ ।
संस्कृतिको संरक्षण गर्दै,
आधुनिक ज्ञान पनि बाँड्छ,
राष्ट्रप्रेमको भावना बोकी,
नयाँ पुस्तालाई अघि सार्छ ।

ज्ञानकूप हाम्रो शान हो,
ज्ञानकूप हाम्रो मान हो,
शिक्षाको पवित्र मन्दिर यो,
सबैको मुटुको पहिचान हो।
यहाँ पढेका विद्यार्थीहरू,
देश-विदेशमा नाम कमाउँछन्,
विद्यालयको गौरव बोकेर,
समाजमा उज्यालो छर्छन्।
गुरुजन हाम्रो प्रेरणाका स्रोत,
विद्यार्थी हाम्रो भविष्य हुन्,
एकतामा बाँधिएको ज्ञानकूप,
सफलताको सुन्दर यात्रा हुन्।
हिमालजस्तै अटल रहोस्,
ज्ञानकूपको गौरव सधैं,
शिक्षाको दीप बलिरहोस्,
पुस्ता-पुस्तासम्म यहीं।
जय होस् हाम्रो ज्ञानकूपको,
जय होस् यसको पवित्र नाम,
शिक्षा, संस्कार र ज्ञानले,
मेरो ज्ञानकूप विद्यालय महान ।

*कविः शिक्षक दिपक शर्मा*




## तपाईको टुडे

मेषः पिछडेको साथी मिल्ने
वृषः मनमा पछुतो आउने
मिथुनः मित्रतामा फाटो आउने
कर्कटः अशुभ समाचार प्राप्त हुने
सिंहः खानपानमा समस्या आउने
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः अनावश्यक चिन्ता
मकरः लामो यात्राको योग छ
कुम्भः अनावश्यक खर्चको संभावना
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम-४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पिपरा-५ सहोडवा बालविवाहमुक्त वडा घोषणा गर्ने तयारी अन्तिम चरणमा



मो. इर्शाद
महोत्तरी, १६ असोज

पिपरा गाउँपालिका-५, सहोडवालाई बालविवाहमुक्त वडा घोषणा गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। बालविवाहमुक्त वडा घोषणा गर्ने तयारीस्वरूप वडास्तरीय भेला शुक्रबार सम्पन्न भएको छ ।

रतौली युवा क्लब र सेभ द चिल्ड्रेनको सहकार्यमा तथा वडा कार्यालयको आयोजनामा सम्पन्न भेलामा बालविवाहका कारण, यसबाट पर्ने दीर्घकालीन असर तथा रोकथामका उपायबारे छलफल गरिएको थियो । कार्यक्रममा सहभागीले बालविवाह न्यूनीकरणका लागि विद्यालय तथा समुदायस्तरमा निरन्तर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए। वक्ताहरूले सामाजिक परम्परा, गरिबी तथा चेतनाको अभाव बालविवाहका प्रमुख कारण रहेको उल्लेख गर्दै यसको अन्त्यका लागि समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताएका थिए ।

भेलामा जारी गरिएको प्रेस विज्ञप्तिमा २० वर्ष उमेर नपुगी गरिने विवाह मुलुकी अपराध संहिता, २०७४ अनुसार कानुनी अपराध हुने उल्लेख गरिएको छ । बालविवाहमा संलग्न व्यक्तिलाई कानुनबमोजिम कैद तथा जरिवानासहितको सजाय हुने जानकारीसमेत गराइएको थियो । वडाले बालविवाह न्यूनीकरणका लागि विद्यालयस्तरीय निबन्ध, वक्तृत्वकला, चित्रकला, नाटक तथा गीत-सङ्गीत प्रतियोगिता, घरदैलो अभियान र सामुदायिक सभा लगायतका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ । पिपरा गाउँपालिका-५ लाई २०८३ असोज २२ गते बालविवाहमुक्त वडा घोषणा गर्ने तयारी गरिएको वडा अध्यक्ष हरिशंकर प्रसाद यादवले जानकारी दिनुभयो ।

कार्यक्रममा वडा अध्यक्ष यादव, बालबालिका शाखा प्रमुख रचना झा, सूचना तथा सञ्चार शाखाका राजीव झा, वडा सचिव विनोद ठाकुर, वडा सदस्यहरू, रतौली युवा क्लबका फिल्ड सुपरभाइजर शम्भु कुमार साह र फिल्ड ऑफिसर अखिलेश कुमार झा, स्थानीय विद्यालयका विद्यार्थी, अभिभावक, महिला समूह, पत्रकार, राजनीतिक दल तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

# फ्राईडे रिलिज : 'चमेलीको पोइ' भर्सेज 'चंगुल'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ असोज







शुक्रबारबाट २ नयाँ फिल्म प्रदर्शनमा आए । फिल्म हुन् 'चमेलीको पोइ' र 'चंगुल' । यी दुवै फिल्म फ्राईडे रिलिजको परम्परा धान्दै देशभर एकसाथ प्रदर्शनमा आएका हुन् । फरक फरक विषयवस्तुमा निर्माण भएका यी दुवै फिल्म एक अर्कोसँग भिड्दै छन् । यद्यपी यी दुवैले एक अर्कोसँग मात्र होइन, अघिल्ला साताहरूमा भएका 'झिँगेदाउ २', 'आचार्य', 'पेन्सन पट्टा'सँग पनि प्रतिस्पर्धा गर्नुपर्नेछ । किनभने धेरै हल यी फिल्महरूले पनि ओगटेका छन् ।

एभरेष्ट सूर्य बोहरा निर्देशीत 'चमेलीको पोइ' अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म हो । फिल्मबाट करिब डेढ दशकको अन्तरालपछि चर्चित हाँस्य अभिनेता नारायण त्रिपाठी (प्रेमचरो) को पुनरागमन भएको छ । फिल्ममा सुरक्षा, त्रिपाठीको अलवा मुकुन भुसाल, सुरक्षा पन्त, विल्सन बिक्रम राई, उमेश राई,रबिन्द्र झा,गणेश गौतम, प्रेमदेव गिरी, अंशु महर्जन, बबिन राई, खड्गबहादुर पुन, रजनी गुरुङ, मिना आरएल शाही, रितु मल्ल ठकुरी, लगायतका कलाकारले अभिनय गरेका छन् ।

# जनकपुरधामदेखि भारतको देहरादुनसम्म ५२ दिने अन्तर्राष्ट्रिय साइकल यात्रा सुरु

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ असोज

कमला नदी तथा यसको जलाधार क्षेत्रको संरक्षणबारे जनचेतना फैलाउने उद्देश्यले जनकपुरधामदेखि भारतको देहरादुनसम्म ५२ दिने अन्तर्राष्ट्रिय साइकल यात्रा सुरु भएको छ ।

कमला जलाधार संरक्षण अभियान 'कमला बचाउ अभियान'को आयोजनामा जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणबाट साइकल यात्रा सुरु गरिएको हो । यात्राको उद्घाटन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले गरे ।

साइकल यात्राको नेतृत्व भारतका अभियानी अनिल प्रकाश जोशीले गर्नेछन् । उद्घाटन कार्यक्रममा प्रदेश प्रमुख लाभले जोशीले आफ्नो उमेरको यो चरणमा समेत पर्यावरण तथा नदी संरक्षणको अभियानको नेतृत्व गर्नु प्रशंसनीय रहेको बताए । जनकपुरधामबाट सुरु भएको यात्रा भारतका विभिन्न राज्य हुँदै देहरादुन पुगेर सम्पन्न हुनेछ । यात्राका क्रममा बिहार, झारखण्ड, राजस्थान र उत्तर प्रदेश हुँदै देहरादुन पुग्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

कमला नदी र यसको जलाधार क्षेत्रको संरक्षणसँगै नदी तथा जलस्रोतको महत्वबारे नेपाल र भारतका विभिन्न स्थानमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्य यात्राको रहेको बताइएको छ ।

## समावेशी शिक्षा र.................

हुन नहुने भन्दै समावेशी शिक्षा र समान अवसरका लागि स्थानीय तहबाट आवश्यक सहकार्य र पहल गरिने धारणा व्यक्त गरे । 'झल्को : जनकपुर' ले बालबालिकाको आँखाबाट जनकपुरलाई बुझ्ने अवसर दिनुका साथै उनीहरूको अधिकार, शिक्षा र अवसरका विषयमा समुदाय तथा सरोकारवालाबीच संवाद र सहकार्यको आवश्यकता पनि औँल्याएको छ ।

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
गोलबजार नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
नरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

# संसद् पुनर्स्थापना मुद्दा ओलीको अर्को बचकना हर्कत



केपी ओलीले आफ्नो राजनैतिक प्रतिवेदनमा वर्तमान संसद्लाई भङ्ग गरी पुरानो संसद्लाई ब्यूँताउन अदालतलाई आग्रह गरेको प्रस्ताव केन्द्रीय कमिटीमा ल्याउँदा वा त्यो प्रयत्नका लागि आन्दोलनमा जानुपर्छ भनिरहँदा आफूलाई कम्युनिस्ट नै ठान्ने एमाले केन्द्रीय सदस्यहरूले प्रतिवाद गर्नु पर्दैन ?

— दामोदर अर्याल —

-केपी ओलीले संसद् पुनर्स्थापनाको मुद्दालाई छिटो र न्यायपूर्ण ढङ्गले टुङ्ग्याउन अदालतलाई आह्वान गरेका छन् । ओलीको यो कदमले निर्वाचन परिणामको अस्वीकृति र जनमतको अपमान हुने टिप्पणी गरिएको छ । ओलीको सनकले मुलुकलाई थप क्षति पुर्‍याउन सक्ने भन्दै एमाले नेता तथा कार्यकर्तालाई प्रतिवाद गर्न आह्वान गरिएको छ । हाम्रोजस्तो अल्पविकसित मुलुकहरूमा कतिपय राजनीतिज्ञहरूले कहिलेकाहीँ आश्चर्यजनक र 'बचकना' निर्णयहरू गर्ने गर्छन् । यसै सन्दर्भमा भारतको एउटा उदाहरण लिन सकिन्छ ।

त्यहाँको तत्कालीन सरकारले सन् १९७५ देखि १९७७ सम्म राष्ट्रिय आपत्काल घोषणा गरेको थियो । त्यस्तो घोषणा गर्ने भारतीय सरकारको प्रधानमन्त्री थिइन-श्रीमती इन्दिरा गान्धी । त्यो समयमा उनले ठानिन् कि भारतको जनसङ्ख्या बलपूर्वक नियन्त्रण गर्नुपर्छ । त्यसका लागि इन्दिरा सरकारले नसबन्दी (भ्यासेकटोमी)कार्यक्रमको घोषणा गर्‍यो । कार्यक्रमको सफलताका लागि पुरुषहरूको जबरजस्ती बन्ध्याकरण गर्न सिङ्गो राज्य लाग्यो । भनिन्छ, त्यसबेला करिब ८० लाख पुरुषहरूको जबरजस्ती नसबन्दी गरियो, त्यो कार्यक्रमलाई भारतीय इतिहासकै सबैभन्दा विवादास्पद कठोर कार्यक्रम भनेर चिनिने गरिएको छ । परिणामस्वरूप सन् १९७७ को आमनिर्वाचनमा इन्दिरा गान्धीको पार्टी (कांग्रेस) ले लज्जास्पद पराजय भोग्नुपर्‍यो । ठिक त्यसैगरी नेपालमा पनि गएको वर्ष सामाजिक सञ्जाल बन्द गर्नेजस्तो अनावश्यक कार्यक्रम घोषणा गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई रहर जाग्यो । उनको त्यो अनावश्यक रहरबाट उत्पन्न सनकलाई कार्यान्वयन गर्न ओली सरकारले सामाजिक सञ्जाल त केही समय बन्द गर्‍यो, तर त्यसबाट उत्पन्न परिणामको क्षतिपूर्ति तिर्न नेपाललाई करिब ५० वर्ष लाग्न सक्छ । जेन्जी आन्दोलनका नाममा त्यो आन्दोलनमा घुसेका घुसपैठियाहरूले मुलुकलाई कति नोक्सानी गरे भन्ने कुरा छलफलकै विषय बन्ला । एउटा नेताको सनक, बहुलट्ठीपन र गलत निर्णयका कारण मुलुकले कति घाटा बेहोर्नपर्छ भन्ने कुराको यो एउटा ताजा उदाहरण हो । थप छलफल पनि हुँदै जाला, तर त्यो परिस्थिति निर्माणको प्रमुख कारक तत्त्व भनेको ओली नै हुन् र उनकै सनक थियो भन्न थप प्रमाण खोजिरहन पर्दैन । परिणामस्वरूप उनी आफै पनि प्रधानमन्त्री निवासबाट हेलिकप्टर चढेर भाग्न बाध्य भए । सत्ता नै परिवर्तन भयो । जननिर्वाचित संसद् विघटन भयो । सिंहदरबार, राष्ट्रपति भवन र सर्वोच्च अदालतलगायत हजारौँ सरकारी कार्यालयहरू मात्र होइन, निजी घर, व्यापारिक संस्थान र कारखानाहरू समेत धुवाँ र खरानी बनेर उडे । एउटा नेताको सनक, बहुलट्ठीपन र गलत निर्णयका कारण मुलुकले कति घाटा बेहोर्नपर्छ भन्ने कुराको यो एउटा ताजा उदाहरण हो । केपीको त्यो सनकले उनको आफ्नै पार्टी एमाले पनि उठ्नै नसक्ने गरी थला परेको छ । त्यतिमात्र होइन, उनको सनकको क्षतिपूर्ति तिर्न समग्र वाम आन्दोलन नै बाध्य भयो । लोकतान्त्रिक आन्दोलनसमेत बदनाम हुनबाट जोगिन सकेन, राज्यको खरबौँ रुपैयाँ नोक्सान भएको छ ।

राज्यलाई यो तहको नोक्सान पार्ने र पार्टीलाई यो तहको बदनाम गराउने काम चिनियाँ कम्युनिस्ट पार्टीको कुनै एउटा नेताले गरेको भए त्यो पार्टीले त्यस्तो नेतालाई कस्तो सजाय दिन्थ्यो होला ? त्यो सजाय हामी सहजै अनुमान गर्न सक्छौँ, किनकि हामीलाई थाहा छ, चीनमा दिइने सजायका अनेकौँ प्रकारहरूमा अधिकतम मृत्युदण्ड समेत रहेको छ । नेपालको राजनीतिक वृत्त र आम जनताको नजरमा केपी ओली पाहा पछारिएझैँ पछारिएका छन् । तथापि उनको सनकमा आज पनि कुनै कमी आएको देखिँदैन । हालै सम्पन्न भएको एमाले पार्टीको केन्द्रीय कमिटी बैठकमा उनले प्रस्तुत गरेको प्रतिवेदनमा लामो समयदेखि सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको 'संसद् पुनर्स्थापना सम्बन्धी मुद्दालाई छिटो र न्यायपूर्ण ढङ्गले टुङ्ग्याउन अदालतलाई आह्वान' भनेर उल्लेख गरे । यो भनेको जेन्जी आन्दोलनपश्चात् गठन गरिएको सरकार, त्यसले गरेको निर्वाचन र प्राप्त परिणामको अस्वीकृति हो । ओली निन्द्राबाट ब्युझेका हुन् कि अथवा नयाँ प्रकारको सनक उत्पन्न भएको हो ? नेपालको इतिहासमा गैरसंवैधानिक ढङ्गले दुई-दुई पटक संसद् विघटन गर्ने केपी ओली आफै रहेको जगजाहेर छ । यस्तो तथ्य नबिर्सिँदै पछिल्लो संसद् विघटनका मामिलामा ओलीलाई प्रश्न गर्ने नैतिक अधिकार नै छैन ।

त्यसबाहेक ओली र उनको पार्टी एमालेले समेत चुनावमा भाग लिइसकेको अवस्था हो । यदि त्यो चुनाव असंवैधानिक छ भन्ने ओलीलाई लागेको भए त्यस्तो संविधानविपरीत चुनावमा किन भाग लिएको ? चुनावमा भाग लिने अनि कन्तबिजोक हुने गरी पराजित भएपछि त्यो चुनाव मान्दिनँ, असंवैधानिक भयो भन्ने तर्क लोकतान्त्रिक पार्टी र मुलुकले गर्न उचित हुँदैन । संसद् भङ्ग भई सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । त्यही कार्की नेतृत्वको सरकारले नयाँ निर्वाचन गरेर नयाँ संसद्मार्फत नयाँ सरकार गठन भएको पनि ६ महिना बितिसकेको छ । तर, अहिले आएर ओली निन्द्राबाट ब्युँझेर पुरानो संसद् ब्युँताउन अदालतलाई आह्वान गर्दैछन् । ओली निन्द्राबाट ब्युझेका हुन् कि अथवा नयाँ प्रकारको सनक उत्पन्न भएको हो ? यसको ठ्याक्कै उत्तर त भन्न सकिँदैन, तर यो पङ्क्तिकार निर्धक्क भन्छ, कथंमकदाचित पुरानो संसद् अदालतले ब्युँतायो भने त्योचाहिँ सहन नसकिने प्रतिगमन हो भनेर भन्न कठिन छैन । त्यतिमात्रै नभएर जनमतको अपमान पनि मानिन्छ । एमालेलाई उसको आन्तरिक मामिलामा कसैले धेरै सल्लाह दिन सकिँदैन । आवश्यक पनि छैन, तर एउटा समाज परिवर्तन गर्ने भनिएको पार्टीका कतिपय निर्णयले मुलुकलाई क्षति पुग्ने आशङ्का हुँदा नागरिकले चासो र सरोकार राख्न जरुरी हुन्छ । हिजो युवाहरूले, नागरिक समाजले र कैयौँ राजनीतिक पार्टीहरूले हठात् र सनकको भरमा सामाजिक सञ्जाल बन्द नगरियोस् भनेर केपी ओलीलाई आग्रह गरेकै थिए । तर उनले मानेनन् । त्यसबाट उत्पन्न भएको परिणामले हाम्रो मुलुक, हाम्रो संविधान, हाम्रो सार्वभौमसत्ता र हाम्रो लोकतान्त्रिक पद्धतिमा नै गम्भीर धक्का बेहोर्नुपर्‍यो । ठिक त्यसैगरी ६ महिनाअघि भएको निर्वाचन र त्यसबाट उत्पन्न भएको संसद् र सरकारविरुद्ध एमालेले आफ्नो दस्तावेजमा उल्लेख गरेर अस्वीकार गर्ने प्रयत्नले सिङ्गो मुलुक गृहयुद्धमा समेत जान सक्छ । त्यसबाट उत्पन्न हुने परिणामले सिङ्गो मुलुक र जनता प्रभावित हुनेछन् । त्यसैले अन्य राजनीतिक दल र नागरिक समाजले समेत एमालेको त्यो गलत र पूर्वाग्रही निर्णयलाई खबरदारी गर्न आवश्यक छ । किनभने केपीको सनकमा मुलुकले अब थप क्षति बोक्न सक्दैन । अझै पनि एमाले पार्टी आफूलाई वामपन्थी आन्दोलनको एउटा सदस्य ठान्दछ । उसका निर्णयहरूले सिङ्गो वाम आन्दोलन बदनाम छ ।

थप बदनाम हुन नदिन अन्य वामपन्थी पार्टीहरूले पनि एमालेलाई खबरदारी गर्नैपर्छ । या त उसले हामी वाम आन्दोलनको सदस्य होइन भन्न सक्नुपर्छ । अन्यथा निर्वाचित संसद्लाई निरन्तर भङ्ग गरिरहने वा भङ्ग गर्न प्रयत्न गर्ने प्रकारका निर्णयहरूलाई सुझबुझपूर्ण बुझ्न नसकिए अर्को दुर्घटना नजिक आउनसक्छ । केपी ओलीले आफ्नो राजनैतिक प्रतिवेदनमा वर्तमान संसद्लाई भङ्ग गरी पुरानो संसद्लाई ब्युँताउन अदालतलाई आग्रह गरेको प्रस्ताव केन्द्रीय कमिटीमा ल्याउँदा वा त्यो प्रयत्नका लागि आन्दोलनमा जानुपर्छ भनिरहँदा आफूलाई कम्युनिस्ट नै ठान्ने एमाले केन्द्रीय सदस्यहरूले प्रतिवाद गर्नु पर्दैन ? हालको सत्तारुढ दल रास्वपासँग अनेकौँ प्रकारका मतभेदहरू हुन सक्छन् । सरकार सञ्चालन र उसका नीति कार्यक्रमहरूको गुण र दोषका आधारमा विरोध र समर्थन गर्न सकिन्छ । तर यसबेला आएर निर्वाचन परिणामलाई अस्वीकार गर्नु भनेको रास्वपाको विरोध मात्र होइन, त्यो त नेपाली जनमतको ठाडो अपमान हो । लोकतन्त्रमा विश्वास गर्ने एउटा वामपन्थी पार्टीले जनमतलाई अस्वीकार गर्ने धृष्टता गर्नै सक्दैन । मदन भण्डारीले २०४८ सालमा एउटा कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभएको थियो, 'जनताले पिर्कामा राखे पनि पिँढीमा राखे पनि हामी त्यो ठाउँमा बसेर जनताको सेवा गर्न तयार छौँ ।'

साभार : रातोपाटी ।


## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
विष्णुपुर गाउँपालिका कार्यालय
सिरहा, मधेश प्रदेश







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday